नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

तौलिहवा, कपिलवस्तु

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवास:- ०७६-५६०१७०
प्र.जि.अ. कक्ष:- ०७६-५६०१५९
कार्यालय:- ०७६-५६०१५८
कार्यालय:- ०७६-५६०२३०
कार्यालय:- ०७६-५६०११५
कार्यालय:- ०७६-५६०४४५

पत्र संख्याः-०७९।८०
च.नं. ४६६५

मितिः- २०८०।०३।०८

विषयः- नागरिकताको सिफारिस सम्बन्धमा।

श्री कपिलवस्तु नगरपालिका, कपिलवस्तु।
श्री बाणगंगा नगरपालिका, कपिलवस्तु।
श्री बुद्धभूमी नगरपालिका, कपिलवस्तु।
श्री महाराजगंज नगरपालिका, कपिलवस्तु।
श्री शिवराज नगरपालिका, कपिलवस्तु।
श्री कृष्णनगर नगरपालिका, कपिलवस्तु।
श्री यशोधरा गाउँपालिका, कपिलवस्तु।
श्री शुद्धोधन गाउँपालिका, कपिलवस्तु।
श्री मायादेवी गाउँपालिका, कपिलवस्तु।
श्री विजयनगर गाउँपालिका, कपिलवस्तु।

प्रस्तुत सन्दर्भमा सम्माननीय राष्ट्रपति ज्यूबाट प्रमाणीकरण भई मिति २०८०।०२।१७ गतेको राजपत्रमा प्रकाशित भएको नेपाल नागरिकता (पहिलो संसोधन) ऐन २०७९ लाई कार्यान्वयन गर्ने सन्दर्भमा प्रचलित नेपाल कानून, नेपाल नागरिकता ऐन, नेपाल नागरिकता नियमावली (संशोधन सहित) बमोजिम रित पुर्याई मात्रै नागरिकताको लागि आवश्यक कागजातहरु संलग्न राखी सिफारिस गर्नुहुन अनुरोध छ। साथै जन्मका आधारमा नागरिकता लिएका नागरिकका सन्तानलाई वंशजको नेपाली नागरिकता प्रमाणपत्रका लागि सिफारिस गर्दा आवेदकको बाबु र आमा वास्तविक नेपाली नागरिक नै भएको र निजहरु निरन्तर नेपाल सरहद भित्र बसोबास गरेको एकीन गरी तपसिल बमोजिमको सक्कल कागजात/ प्रमाणहरु समेत संलग्न राखी अनुसूची फाराम सहित सिफारिस गरी पठाउने व्यवस्था मिलाउन सबै वडाहरुलाई आजै परिपत्र समेत गरिदिनुहुन आदेशानुसार अनुरोध छ। साथै गलत विवरण भरी नागरिकता प्रमाणपत्र दिलाउन सिफारिस गरेमा सिफारिसकर्तालाई कानून बमोजिम कारवाही गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

नोटःयसै पत्र साथ संलग्न अनुसूची बमोजिम सिफारिस गर्नुहुन।

२०८०।०३।०८

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तौलिहवा, कपिलवस्तु

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवास:- ०७६-५६०१७०
प्र.जि.अ. कक्ष:- ०७६-५६०१५९
कार्यालय:- ०७६-५६०१५८
कार्यालय:- ०७६-५६०२३०
कार्यालय:- ०७६-५६०११५
कार्यालय:- ०७६-५६०४४५

## तपसिल

१. बाबु र आमाको सक्कल नेपाली नागरिकताको प्रमाणपत्र।
२. सक्कल जन्मदर्ता प्रमाणपत्र ( जन्ममिति र जन्मस्थान खुल्ने)।
३. बाबुआमा बीचको विवाहदर्ता प्रमाणपत्र।
४. बाबु, आमा र सन्तान बीचको फोटो सहितको नाता प्रमाणित।
५. बाबु र आमा मध्ये कुनै एकको मृत्यु भएको हकमा मृत्यु दर्ता प्रमाणपत्र।
६. सम्बन्धित वडाले नेपालमा नै जन्म भई निरन्तर नेपालमा बसोबास गरेको भनी गरिदिएको सिफारिस।
७. उद्गमस्थान र गन्तव्य स्थानको बसाईसराई दर्ता प्रमाणपत्र (ठेगाना परिवर्तन गरि नागरिकता लिन चाहेमा)
८. अध्ययन गरेकाको हकमा शैक्षिक प्रमाण पत्र ( विदेशी मुलुकबाट अध्ययन गरेको भए नेपाल सरकारबाट मान्यता प्राप्त निकायबाट व्यक्तिको नाममा गरिदिएको समकक्षता निर्धारण)
९. घरधनी प्रमाणपुर्जा (नक्सा पास) वा अन्य सबुत प्रमाण। सो प्रमाण नभएकाको हकमा घरबास भएको चौकिल्ला मुचुल्का

**१०.अन्य आवश्यक कागजातहरु:-**

माथिका कागजातहरुको अलावा आवश्यकता अनुसार निम्न कागजातहरु समेत संलग्न गर्नुपर्नेछ।

(क) जग्गाधनी प्रमाण पुर्जा (सन्तान/आमा/ बाबुको नाममा भएको जग्गाको)
(ख) परिवारका सबै सदस्यहरुको नाम,थर नागरिकता नम्बर वा जन्मदर्ता नम्बर र नाता उल्लेख गरी गरिएको प्रमाणित पारिवारिक विवरण।
(ग) अन्य तोकिएको कागजात, स्थायी लेखा नं., व्यवसाय दर्ता प्रमाणपत्र, २०६३ को टोलीले नाबालक दर्ता गरेको भए सोको निस्सा।
(घ) यस कार्यालयबाट आवश्यकता अनुसार स्थलगत वडा सर्जमिन मुचुल्का / प्रहरी सर्जमिन मुचुल्का समेत गरिने हुँदा सो व्यहोरालाई पुष्टि गर्ने अन्य कागजातहरु।
(ङ) बिजुली विल र घर कर रसिद।
(च) अविवाहित सिफारिस।

२०८०।०३।०८